# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५५४ ज्येष्ठ २०६७ वर्ष २७ अङ्क २


## धम्मवाणी

*यं किञ्चि वित्तं इध वा हुरं वा, सग्गेसु वा यं रतंन पणीतं*
*न नो समं अत्थि तथागतेन, इदम्पि बुद्धे रतनं पणीतं ॥*
*-रतन सुत्त*

यस लोकमा अथवा परलोकमा जति पनि धन सम्पति छन्, अथवा स्वर्गमा जति पनि अमूल्य रत्न छन् ती मध्ये तथागत बुद्धको समान श्रेष्ठ रत्न छैन । साँच्ची बुद्ध यस्तो उत्तम रत्न हुनुहुन्छ ।

## सुजाताको खीरदान र सम्यक सम्बोधि

उरूवेला वनप्रदेशका 'सेनानी' नामक धनी व्यक्तिका छोरी सुजातालाई एउटा विशाल वटवृक्षको देवता प्रति अत्यन्त श्रद्धा थियो । त्यस वटदेवको कृपाको कारण वाराणसीको श्रेष्ठीको परिवारमा उनको विवाह भएको हो भन्ने उनलाई पूर्ण विश्वास थियो । उनै देवताको कृपाले बीस वर्ष पहिला यश नामको छोरो प्राप्त भयो भन्ने विश्वासको कारण प्रत्येक वैशाख पूर्णिमाको दिन माईती आएर आफ्नो इष्ट देवता वटवृक्षदेवको पूजा आराधना गर्दथिन् । यस पटक पनि आफ्नो आराध्य देवका लागि अत्यन्त स्वादिष्ट खीर बनाइन् र आफ्ना दासीलाई वटवृक्ष सफा गर्न पठाइन् । त्यहाँ पुग्दा दासीले एकजना तपस्वी ध्यानमग्न भई रूख मूनी बसिरहेको देखिन् । तपस्वीको मुखमण्डल एकदम चम्किएको थियो र आकर्षक व्यक्तित्व थियो । यस्तो देखेर उनले आज स्वयं वृक्ष देवता सशरीर खीर ग्रहण गर्न प्रकट भएको विचार गरिन् ।

दासी खुसी हुँदै सूचना दिन दौडेर घर गईन् । कुरा सुनेर सुजाता पनि खुसी भइन् र सूनको पात्रमा खीर पस्केर आफ्नो उपास्य देवलाई चढाउन गइन् । सुजाता एकदम बुद्धिमती थिइन् । उनले देख्नेबित्तिकै थाहापाइन् कि यो कुनै देवता नभएर कुनै उच्च कुलबाट गृह त्याग गरेका तपस्वी हुन् । उनलाई खीर चढाउन पाएर सुजाता निक्कै खुसी भईन् ।

यस युवा तपस्वीलाई देखेर सुजाताको मनमा वात्सल्यभाव जाग्यो । सुजाताले खीर अर्पण गर्दै तपस्वीलाई आफ्नो तपस्या सफल होस् भनेर आशिर्वाद दिइन् । वोधिसत्वको यो अन्तिम भोजन थियो । आउने रातमा सम्यक सम्बोधि प्राप्त हुने थियो । त्यसैले यो अन्तिम भोजनदान अत्यन्त पुण्यशाली मानिन्छ ।

बोधिसत्वले भोजन पश्चात निरंजरा नदीको छेउमा रहेको एउटा शाल-वृक्ष मुनी केही समय विश्राम गरे । सूर्य अस्ताउनु अगाडि फर्केर पीपलको रूख मुनी गएर ध्यान गर्न बसे ।

उनले बालक छँदा कपिलवस्तुको खेत नजिकै जामुनको रूख मुनि बसेर श्वास-प्रश्वासको ध्यान गरेको सम्झे । सहज स्वाभाविक स्वासको आवागमनलाई हेरेर शरीरमा हुने सम्बेदनाको उदय-व्यय स्वाभावलाई हेर्दै भावनामयी प्रज्ञाको साथ सजग र सतत हुने अभ्यास गर्दै रहे । ध्यानस्थ हुने बित्तिकै बोधि सत्वले दृढ निश्चय गरे कि जबसम्म सम्यक सम्बोधि प्राप्त हुँदैन तबसम्म म यस आसनबाट उठ्दिन चाहे यो मेरो शरीरको मासु, रगत आदि सुकोस तर म विचलित हुँदिन ।"

मृत्यु राजले उसलाई विथोल्ने धेरै प्रयास गरे । बोधिसत्व मृत्युको क्षेत्रलाई पार गर्ने, भव-संसरणबाट मुक्त हुने प्रयत्न गर्दैछ, यो देखेर मार अत्यन्त आत्तिए । यदि ऊ सफल भयो भने यो अन्तिम जन्म हुनेछ । र यसपटकको मृत्यु अन्तिम मृत्यु हुनेछ । ऊ मेरो भवसंसरणको क्षेत्रबाट मुक्त हुनेछ र मेरो पराजय हुनेछ ।

भय उत्पन्न भएमा तपस्या त्यागछ भन्ने सोची मारले मायावी रूप धारण गरेर हजार हात भएको अनेक डरलाग्दा आयुध – अस्त्र शस्त्र धारण गरी गिरिमेखला नामको भयावह हात्ती चढेर अगाडि आए । तर अनेक उपकरण लिएर अनेक तरीका अपनाए पनि बोधिसत्व आफ्नो आसनबाट अलिकति पनि विचलित भएन ।

यस्तो देखेर मार ठूलो भयावह आवाज निकाल्दै बोल्न थाले कि जुन बज्रासनमा तिमी बसेका छौ त्यो मेरो हो । मारलाई उत्तर दिंदै बोधिसत्वले भने "मैले सम्पूर्ण पारमिता पूरा गरेर यो बज्रासनमा बसेको हुँ त्यसैले यस आसनमा मेरो अधिकार छ ।" पृथ्वी तिर संकेत गर्दै भने "यस कुराको साक्षी पृथ्वी छ । यस पृथ्वीमा मैले अनेक जन्ममा पारमिता पुरा गरेकोछु ।" यस सत्य घोषणाको कारण पृथ्वीमा तरंग आयो मानौं पृथ्वीले यस सत्यको साक्षी रहेको व्यक्त गरिन् । बोधिसत्वलाई भयभीत गर्न आएका मार यो देखेर आफै डराए र त्यहाँबाट हिंडे । पूण्य पारमिताको कवच लगाएका बोधिसत्वलाई मारले छुन सकेन । बोधिसत्व नितान्त निर्भयका साथ प्रज्ञामा प्रतिष्ठत भईरहे ।

वैशाख पूर्णिमाको साँझ पापी मार पराजित भएर गएपछि बोधिमण्डलको वातावरण शान्त भयो । मार सेना द्वारा अशान्त भएको वातावरण अब अपरिमित शान्तिमा परिणत भयो । पश्चिममा सूर्य बिस्तारै अस्ताउँदै गइरहेको थियो र पूर्वबाट चन्द्रमाको पूर्ण चेहरा विस्तारै चम्किँदै थियो । पूर्णिमाका चन्द्रमाको शीतल चाँदनी आकाश भरी फैलिएकोले वातावरण अत्यन्त मनोरम हुँदै गएको थियो । बोधिसत्व निमग्न ध्यानमा समाधिस्ट थियो ।

रातको प्रथम याममा बोधिसत्व प्रथम ध्यानमा समाहित भएपछि क्रमश: दोस्रो, तेस्रो र चौथौं ध्यानमा स्थापित भए । रातको प्रथम याममा

Downloaded from http://www.dhamma.digital

बोधिसत्वलाई दिव्यचक्षु, दिव्यश्रोत र त्यसैको आधारमा पूर्वजन्मको स्मृति अभिज्ञान प्राप्त भयो । कुन प्राणी कर्मको अनुसार कहाँ जन्म हुन्छ भन्ने ज्ञानको प्राप्ती भयो । यसको साथै परचित्तज्ञानको कारण भविष्यको जानकारी हुने ज्ञान पनि प्राप्त भयो ।

रातको अन्तिम प्रहर पुग्दा सम्म आस्रव-क्षय ज्ञान प्राप्त भयो र सबै लोकभन्दा परको वास्तविक नित्य, शाश्वत, ध्रुवको साक्षात्कार भयो यसको साथै सर्वज्ञताको ज्ञान प्राप्त भयो । सम्यक सम्बोधि प्राप्त भयो । भवमुक्ति प्राप्त भयो ।

यसरी वैशाख पूर्णिमाको रात बित्दा-बित्दै तपस्या सफल भयो । यस भद्रकल्पको चौथौं सम्यक सम्बुद्ध प्रकट भयो । अनेकौं मानिसहरुको लागि कल्याणको ढोका खोल्यो ।

आलंकारीक र प्रतीकात्मक भाषा आफ्नै ठाउँमा छ परन्तु खास अर्थमा मार र मारको सेना भनेको चित्तको सम्पूर्ण विकारहरू नै हुन् । चित्तका फोहोर, क्लेश, दुर्गुण नै त्यसका अस्त्र-शस्त्र हुन् र त्यही उनका सेना हुन् । जसको आक्रमक हमला साधारण सामान्य साधकले सहन सक्दैन र हार खान्छ ।

भगवानले मारलाई सम्बोधन गर्दै भन्नुभएको छ– मारको पहिलो सेना काम-वासना हो । दोस्रो सेना आरती हो, जसबाट साधनाप्रति अरूचि पैदा गर्दछ, तेस्रो सेना भोक र प्यास हो । चौथौं सेना तृष्णा, पाँचौं सेना अल्छीपन, छैठौं भय, सातौं शंका-सन्देह हुन् । त्यस्तै लाभ, प्रसिद्धि, सत्कार अर्का सेना हुन् । गलत तरिकाले प्राप्त गरेको सम्पत्ति आत्मप्रशंसा र परनिन्दा पनि मारका सेनाहरू हुन् ।

यस्ता महान सेनासंग युद्ध गर्न साधारण साधक सक्दैनन् परन्तु बोधिसत्व सिद्धार्थले यस्को सामना वीरतापूर्वक गर्नसक्यो ।

वास्तवमा अस्त्र-शस्त्रधारी हाती-घोडामा सवार भएर मार सेना आएका होइनन् यो त साधकको आफ्नो मानसिक दुर्वलताको आक्रमण हो । उसलाई काम गर्न नदिने तरिका मात्र हो । मारले साधकको मनमा रहेको दुर्बलता कमजोरीलाई उक्साएर साधना भ्रष्ट गरिदिने प्रयत्न गर्दछ । परम मुक्तिको लक्ष्यबाट अलग्याउने भरसक प्रयत्न गर्दछ । यस्तो पापमयी चैतसिक दुर्बलता र दुर्गुणका मारसेनालाई धर्ममयी बोधिको सबल सद्‌गुणले मात्र हराउन सक्छ । शील, समाधि र प्रज्ञाले पोष्ट बोधि मार्गको भावना गरेर नै बोधिसत्वले परम शुद्धि, परम मुक्ति प्राप्त गर्नुभयो ।

तलका निरय लोकदेखि माथिका अरूपब्राह्मी भवाग्र-लोकसम्मका सारा क्षेत्र अर्थात् भौतिकताको क्षेत्र र चित्त र चित्तवृत्तिहरूको सारा क्षेत्र, यी सबै मारका क्षेत्र हुन् । यी मृत्युका क्षेत्र हुन् । यहाँका सारा भौतिक पदार्थ र चित्त र चैतसिक अवस्था सबै अनित्य धर्मा हुन्, मरणधर्मा हुन् र नाम-रूपको यो क्षेत्र इन्द्रियको क्षेत्र हुन् र यी इन्द्रिय क्षेत्रमा कुनै न कुनै इन्द्रियको त्यससँग सम्बन्धित विषयसँग स्पर्श हुन्छ । स्पर्श भयो भने वेदना हुन्छ । वेदना भयो भने त्यस प्रति राग अथवा द्वेषको तृष्णा हुन्छ र यहाँबाट नै मृत्यु हुने बन्धनको शुरूवात हुन्छ । त्यसैले सारा इन्द्रिय क्षेत्र मारका क्षेत्र हुन्, मृत्युका क्षेत्र हुन् ।

मार बडा चलाक हुन्छ, बलवान हुन्छ । खुब समझदार व्यक्तिलाई पनि ठग्छ । कोही व्यक्ति इन्द्रिय विषय प्रति विरक्त भएतापनि कुनै न कुनै काल्पनिक दार्शनिक मान्यतामा भुलाएर राख्दछ । भवाग्रसम्म पुगेकोलाई पनि नित्य, शाश्वत, ध्रुव अवस्थासम्म पुग्न दिँदैन । तर तथागत अरहन्त सम्यक सम्बुद्ध भने यी मारका दिव्य तथा मानुषी सारा बन्धनबाट विमुक्त हुनु हुन्छ ।

यसरी मुक्त हुनको लागि पहिलो त ठीक चिन्तन हुनुपर्छ । अर्को कुनै दार्शनिक मान्यतामा अल्झिएर अनित्य, अशाश्वत, अध्रुवार लौकिक क्षेत्रलाई पनि नित्य, शाश्वत, ध्रुव र लोकोत्तर ठानेर त्यहीं रोकिरहन्छ । तेस्रो कसैको भरमा नपरी आफ्नै परिश्रम पुरुषार्थ र प्रयत्नमा सतत अभ्यास गर्नुपर्छ । यी नै बलको आधारमा बोधिसत्वले सारा क्लेशका मारलाई परास्त गर्नुभयो र भव वन्धनबाट पूर्णतया विमुक्त हुनुभयो ।

यसरी मारलाई परास्त गर्नको लागि कुनै देव-ब्रह्मको होइन अनेक जन्ममा स्वयं संचित विपुल पारमिताको धर्मशक्ति काममा आउँछ ।

बोधिसत्वले दशपारमिता, दश उप-पारमिता र दस परमार्थ–पारमितालाई परिपूर्ण गरेर मात्र सम्यक सम्बोधि प्राप्त गर्नुभयो । यसको लागि उहाँले चार असंख्य र एकलाख कल्पसम्म जन्म लिएर पारमितापूर्ण गर्नुभएको थियो । यसैको आधारमा सम्यक सम्बोधि प्राप्त गर्नुभयो । सम्यक सम्बोधि प्राप्त भएपछि उहाँलाई दशवटा सिद्धिहरू प्राप्त भए र यसैको आधारमा उहाँले मानिसहरूलाई विमुक्तिको मार्ग सिकाउनु भयो । मानिसहरूलाई धर्ममार्गमा उन्मुख गर्दै उनीहरूको हित सुखको लागि अनुत्तर धर्मचक्र-प्रवर्तन गर्नुभयो ।

(साभार- त्रिपिटक में सम्यक सम्बुद्ध)

## महामानव बुद्ध

सिद्धार्थ गौतम बुद्ध भगवान हुनुभयो । आजकलको भाषामा भगवानलाई ईश्वर अथवा परमात्मा भनिन्छ । ईश्वर अर्थात सृष्टिका निर्माण कर्ता, संसारको मालिक जस्को पूजा-अर्चना गर्नाले प्रसन्न भएर भक्तलाई पापबाट मुक्त गरिदिन्छ । यदि बुद्धलाई पनि यसै अर्थमा मानिन थाल्यो भने गलत हुन जान्छ । बुद्ध र उहाँको शिक्षाको अवमूल्यन हुनजान्छ । त्यस्तै उहाँ कुनै देवलोक समर्थ देवता झैं समय-समयमा पृथ्वीमा अवतरित भएर सजनलाई स्यावासी र दुर्जनलाई विनाश गर्ने र उहाँको शरण ग्रहण गरेमा पापबाट मुक्त गराईदिने भगवान पनि होइन ।

भगवान बुद्ध भव संसरणबाट नितान्त बिमुक्त भई बुद्धत्व प्राप्त गरेका व्यक्ति हुन् । जस्को अब पुर्नजन्म हुने छैन । मानिसहरूलाई आफू झैं त्यही ठाउँसम्म पुऱ्याउन जीवन भर साधना सिकाइरहनु भयो । भगवान गौतम बुद्ध महापुरूष हुनुहुन्थ्यो; महामानव हुनुहुन्थ्यो । उहाँमा मानवीय सद्‌गुणका अमित भण्डार थियो, सहृदय सौमनस्यताको अतनुलनीय भण्डार थियो । समताजन्य अनासक्ति र अविचल सहिष्णुताको शीर्ष हिमालय हुनुहुन्थ्यो असीम मेधा र गम्भीर प्रतिभाका अगाध सागर हुनुहुन्थ्यो, भगवान बुद्ध मनुष्यको रूपमा सम्बुद्ध हुनुहुन्थ्यो, मनुष्य शरीरमा सम्बुद्ध हुनुहुन्थ्यो ।

यो सम्बोधि मानव जीवनको उच्चतम उपलब्धि हो, अतुलनीय महानता हो । भगवान यस्तो महामानव हुनुहुन्थ्यो उहाँको मस्तिष्क प्रज्ञाको कारण प्रखर प्रतिभाको चरम विकास भएको थियो भने अर्को तर्फ उहाँको मन असीम करूणाले भरिपूर्ण थियो । उहाँको प्रज्ञाको उचाई नापेर नापिन्न भने मैत्री र करूणा पनि त्यत्तिकै अगाध थियो ।

Downloaded from http://www.dhamma.digital

भगवानको प्रखर प्रज्ञाको दर्शन उहाँको उपदेशमा धेरै भेटिन्छन् । चाहे कोही श्रद्धालु व्यक्ति उहाँको उपदेश सुन्न आएको होस्, अथवा कोही उद्धंड अहंकारी व्यक्ति विग्रह विवाद गर्न आएको होस्, भगवान शान्त चित्तले करूणा पूर्ण वाणी द्वारा सबैलाई शुद्ध धर्म सिकाउनु हुन्थ्यो । जुन कुरा सुनेर तुरून्त प्रभावित हुन्थे । उहाँको कुरा यति युक्तिसंगत र न्याय संगत हुन्थ्यो कि कसैले पनि अस्वीकार गर्न सक्दैनथ्यो । धर्मको कुरा बुझाउनको लागि उहाँले प्रयोग गर्ने उदाहरणहरू अनुपम, अद्‌भुत, आश्चर्यजनक र आकर्षक हुन्थ्यो । यति धेरै सटीक तथा प्रभावशाली उदाहरणहरूको प्रयोग अन्य कोही धर्म शास्ताका उपदेशमा भेटिंदैन । उहाँको उपमा मानिसहरूको दैनिक जीवन संग सम्बन्धित हुन्थ्यो । त्यसैले नै अत्यन्त प्रभावशाली र हृदय छुने खालको हुन्थ्यो ।

उहाँको उपदेश साधारण हुँदैनथ्यो, उहाँको हृदयबाट निस्केको मधुर वाणी यस्तो आकर्षक हुन्थ्यो कि सुन्ने व्यक्ति मंत्रमुग्ध हुन्थे । उहाँको रोम रोमबाट निस्केको मैत्रीको तरंगले स्रोतालाई प्रभावित पार्दथ्यो । उहाँको उपदेश लोकमंगलको लागि नै हुन्थ्यो । अविद्याको अंधकारमा होश हराएका मानिसहरूलाई जगाउन एकदम मार्मिक तर ब्यावहारीक उपमाहरूको साथमा ब्यंग्यात्मक चुट्किला प्रयोग गरि उपदेश दिनुहुन्थ्यो ।

भगवानले अनेक ब्यंग्यले भरेका प्रवचन दिनुहुन्थ्यो । परन्तु ती ब्यंग्य वाक्यमा कहीं कटुता हुँदैनथ्यो । भगवानको स्पष्ट उद्देश्य लोक कल्याण गर्नु नै थियो त्यसमा आफ्नो निजी स्वार्थ हुँदैनथ्यो । उहाँ बडो करूणचित्तले चाहनुहुन्थ्यो कि मिथ्या जंजालमा अल्झिएर बसेका मानिसहरू दुःखबाट बाहिर आऊन् । परन्तु जो व्यक्ति कोमल शब्दावलीको भाषा बुझ्न सक्दैनथे उनीहरूलाई कठोर वाणी बोल्नु आवश्यक पर्दथ्यो । तर यस्तो अवस्थामा भगवानको हृदय करूणाले भरिएको हुन्थ्यो । जस्तो कुनै बच्चाको घाँटीमा हड्डी अड्किएको छ भने मुख भित्र हात पठाएर निकाल्नु पर्ने हुन्छ । चाहे उसलाई दुखोस् यसैमा उसको भलाई हुन्छ ।

भगवानको हृदय अनुकम्पाले लोतपलोत हुन्थ्यो । उहाँको समस्त वचनको आधार अनुकम्पा नै हुन्थ्यो । उहाँको उपदेश लोक-कल्याणको लागि नै हुन्थ्यो । भगवान के को लागि धर्म उपदेश दिनुहुन्थ्यो ? उहाँको आफ्नो के स्वार्थ थियो ? जबसम्म बोधिसत्व थियो, तबसम्म धर्मको जीवन जिउँदै लोक कल्याणको कार्य गर्दै आफ्नो पारमी पूर्ण गर्दै रहनुभयो । जब सम्यक सम्बोधि प्राप्त गरेर परम मुक्त हुनुभयो तब उपदेश दिनु के आवश्यक थियो र ? अब सारा जीवन करूणाले भरियो र मैत्री मनको स्वभाव हुन गयो । उनको सम्पूर्ण कर्म मैत्री पूर्वक करूणाको आधारमा नै हुन्थ्यो । उहाँको सम्यक सम्वोधि प्राप्ती पछिको जीवन अत्यन्त करूणचित्तले लोक कल्याण गर्ने कार्यमा नै ब्यत्तित भयो । यस तथ्यलाई पुष्टि गर्ने अनेक प्रसंगहरू सारा त्रिपिटकमा भरिएका पाइन्छन् । त्यस मध्येका केही घटनालाई जानौं ।

उहाँले जब सम्यक सम्बोधि प्राप्त गर्नु भई सद्धर्म बाँढ्ने निर्णय गर्नु भयो तब आफ्ना पूर्व आचार्य आलारकालाम र उद्दक रामपुत्रको प्रति कृतज्ञताको भाव जाग्यो । उनलाई सद्धर्म प्रदान गर्ने भाव जाग्यो । परन्तु उनको शरीर च्युति भइसकेको थियो ।

यसपछि छः वर्ष सम्मको गहन तपस्यामा सहयोगी रहेका आफ्ना पाँचजना साथिहरूको सेवा भावको सम्झना भयो । मृगदावन सम्म पैदल गएर उनीहरूलाई सर्वप्रथम धर्म प्रदान गर्नु भयो ।

सम्यक सम्बोधि प्राप्त गर्नु पूर्व सुजाताले खीर दान दिएकी थिइन् । पाँच जना साथिहरू पछि सुजाताका छोरा यश र उनका पिता, पत्नी र सुजातालाई धर्म प्रदान गरेपछि त कल्याणी मार्गको प्रचार टाढा-टाढासम्म हुन थाल्यो । यस प्रकार समाजका विभिन्न वर्गका ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र, राजा-प्रजा, धनी- गरीब, पुरूष-नारी सबैका लागि धर्मको ढोका खुल्ला भयो । अत्यन्त दुखि पटाचारा होस् अथवा कृषा गौतमी, जनपदकल्याणी आम्रपाली तथा मगध- महिषी खेमा, हत्यारा अंगुलिमाल होस् अथवा राजकुमार सीलवा, भगवानको करूणा सबैका लागि त्यत्तिकै छायो र सबैले लाभ प्राप्त गरे ।

त्यस्तै ब्राह्मण सारिपुत्र होस् अथवा सुनीत, जटिल काश्यप वन्धु होस् अथवा चाण्डालपुत्र सोपाक, शाक्य राजा भद्दिय होस् अथवा उपालि नाई, भगवान बुद्धको करूणाले कसैको प्रति पनि भेदभाव गरेको पाईदैन । त्यस्तै भगवानको पावन चरित्रमा कलंक लगाउन खोज्ने चिंचा, उहाँको हत्याको असफल प्रयास गर्ने देवदत्त अथवा उनलाई सहयोग गर्ने अजातशत्रु, भगवानको चरण स्पर्श गर्ने प्रसेनजित होस् अथवा बिम्बिसार होस् भगवानको करूणाको प्रवाह सबैका लागि समान थियो ।

भगवान भिक्षु तथा भिक्षुणीहरूलाई आफ्ना छोरा छोरी झैं वात्सल्य प्रेम गर्नुहुन्थ्यो । विहारमा रहेका सबै भिक्षु- भिक्षुणीहरूलाई भोजन प्राप्त भयो भएन विचार गर्नु हुन्थ्यो । टाढा-टाढा यात्रा गरेर फर्केका भिक्षुहरू जब भेट्न आउँथे तब पिताले झैं बाटोमा कठिनाई त भएन ? सन्चो छ- छैन ? भिक्षा पाउन गाह्रो त भएन ? आदि विचार गर्नु हुन्थ्यो । कोही भिक्षु बिरामी भएमा उसको स्वास्थ्य बारे थाहापाउन उहाँ आफै त्यहाँ जानु हुन्थ्यो । बिरामी भिक्षु भगवानलाई देखेर उनको सम्मान गर्न उठ्न खोज्यो भने रोक्नु हुन्थ्यो र लेटिरहन निर्देशन दिनुहुन्थ्यो र नजिकै बसेर करूणा पूर्ण वाणी द्वारा धर्ममयी सान्त्वनाका केही वाणी बोल्नु हुन्थ्यो । एक पटक एकजना भिक्षु अत्यन्त असक्त अवस्थामा दिशा पिसाबमा लुट्पुट् भइरहेको थियो । त्यस्तो अवस्था देखेर भगवान आफैले तातो पानीले शरीर धोएर पुछिदिनु भयो । र यस्तो अवस्थामा एकले अर्कोलाई सेवा गर्न प्रोत्साहित गर्नु भयो र भन्नु भयो, “हे ! भिक्षुहरू जसलाई मेरो सेवा गर्ने मन छ उसले रोगीको सेवा गर्नु ।” उहाँको वात्सल्यभाव केवल भिक्षु संघको प्रति मात्र थिएन । अन्य सबै गृहत्यागीहरूका प्रति पनि त्यही करूणापूर्ण भाव थियो । जब अकाल पर्थ्यो तब भगवानको विहारमा खानाको कुनै कमी हुँदैनथ्यो । तब अन्य सन्यासिहरुका लागि भोजनको ब्यवस्था गर्नुहुन्थ्यो ।

भगवानको महापरिनिर्वाण नजिक आईसकेको थियो । श्रद्धालु उपासक चुंद लुहारले भगवानलाई भोजनको निमन्त्रणा दिएका थिए । भगवानले थाहापाउनु भयो कि उनको भोजन स्वास्थको लागि हानिकारक छ । भोजन खानको लागि उपयुक्त थिएन । अतः अन्य भिक्षुहरूलाई भोजन नखान भन्नु भयो तर आफूले भने खानु भयो । जसको कारण अतिसार जस्तो रोगको कारण मरणारन्त दुखाई भोग्नु पऱ्यो । किनभने महापरिनिर्वाण अगाडिको भोजन

Downloaded from http://www.dhamma.digital

सम्यक सम्बुद्धको अन्तिम भोजन हुन्छ र त्यस भोजन दानको फल बोधिसत्वलाई दिएको अन्तिम भोजन दान झैं फलदायी हुन्छ । भोजन खान अयोग्य थियो तर उपासक प्रतिको करूणाको कारण यस अपूर्व दानको फलबाट वंचित होला भनेर उहाँले भो जन ग्रहण गर्नुभयो ।

कुशीनगर सम्म कष्ट पुर्वक यात्रा गर्नु भयो । तीन महिना पूर्व गरेको भविष्य वाणी अनुसार महापरिनिर्वाणको लागि कुशीनगर पुग्नुपर्थ्यो । त्यहाँ पुग्ने बित्तिकै चुन्द लुहारको सम्झना भयो, उनको प्रति करूणा जाग्यो । कतै उसलाई पश्चाताप नहोस् कि भगवान उनको भोजन ग्रहण गरेको कारणले महापरिनिर्वाण हुनुभयो । त्यसै ले आनन्दलाई आदेश दिनु हुँदै भन्नुभयो कि चुन्दलाई सम्झाउनु कि उनको भोजन निक्कै पूण्यशाली थियो ।

महापरिनिर्वाण हुनु केही समय अगाडि भगवानको दर्शन गर्न आएका सुभद्रलाई आनन्दले रोक्दा रोक्दै पनि भगवानले धर्मोपदेश दिनु भयो । यस्तो अन्तिम अवस्थासम्म पनि धर्मोपदेश दिनुभई सुभद्रको कल्याण गर्नुभयो । धर्मोपदेश गर्न उहाँको लागि कुनै पनि समय, असमय थिएन ।

यस्ता अनेकौं मार्मिक घटनाहरूले त्रिपिटक भरिएका छन् । सज्जनता, सौम्यता र विनम्रताले भरि पूर्ण मानवी गुणको भगवान जीवन्त आदर्श हुनुहुन्थ्यो ।

(साभार: त्रिपिटक में सम्यक सम्बुद्ध)

## धर्मगाथा प्रायोजन गर्न आह्वान

साधकहरूको प्रेरणाको लागि यस "विपश्यना" पत्रिकामा पुज्य गुरूजीको लेखको साथ साथै गाथा (दोहा) पनि नियमित रूपमा प्रकाशित भईरहेकोछ । पत्रिका प्रकाशन गर्दा केन्द्र माथि पर्ने आर्थिक भार कम गर्ने अभिप्रायले उक्त गाथा प्रायोजन गराउने गर्दै आएको छ । पुराना साधक साधिकाहरुले अथवा उनका फर्महरूले प्रति गाथा प्रति अंक रु. ५००/- आर्थिक सहयोग दिई प्रायोजन गर्न सक्नेछन् । साधकहरूको प्रेरणामा सहयोगी बन्न इच्छुक साधक-साधिकाहरूले गाथा प्रायोजन गरी पुण्य लाभी बन्नुहोस् । यस्को लागि ज्योति भवनको कार्यालयमा सम्पर्क राख्नुहोला ।

## धर्म गाथा

### हिन्दी

ज्यों अनंत आकाश मे, बहती विविध बयार ।
नभ मण्डल अविचल रहे, समता धार अपार ॥

भोग सके तो भोग ले, जगती के सब भोग ।
सच्चे सुखका भोग तो, अनासक्ति के योग ॥

ना मरने का भय हमें, ना जीने का लोभ ।
समय पके तो चल पडें, होय न मन में क्षोभ ॥

साम्य धर्म कायम रहे, दूर रहे आक्रोश ।
कड़वे कड़वे बोल सुन, खो बैठूं ना होश ॥

सुख दुख में उलझा रहा, सदा रहा संतप्त ।
सुख दुख लागे एक से, होय नहीं उत्तप्त ॥

सम्पद जाए या रहे, मिले मान अपमान ।
धीर पुरूष अविचल रहे, सुख दुख एक समान ॥

मंगल कामना सहित
**एक साधिका**

### हिन्दी

धर्म सरित निर्मल रहे, मैल न मिश्रित होय ।
जन जन का होवे भला, जन जन मंगल होय ॥

निर्मल निर्मल धर्मका, मंगल ही फल होय ।
बंधन टूते पाप के, मुक्ति दुखों से होय ॥

चित्त हमारा शुद्ध हो, सद्गुण से भर जाय ।
करूणा, मैत्री सत्य से, मन मानस लहराय ॥

सेवा करूणा प्यार की, मंगल वर्षा होय ।
इस दुखियारे जगत के, प्राणी सुखिया होय ॥

माँ बापू का ऋण प्रचुर, प्यार अपरिमित होय ।
जीवन भर सेवा करे, तो भी उऋण न होय ॥

माँ बापू प्रिय बंधुजन, स्वजन स्नेही मीत ।
सभी चाख लें धरम रस, ऐसी उमडी प्रीत ॥

GREE किरारा इलेक्टोनिक्स नेपाल
Making Better Air Conditioners
Kirara Electronics Nepal
Tel: 01-4253900, 4228719
e-mail: kirara@vianet.com.np, web: www.gree.com.cn

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । *फोन :* ४३७१६५५, ४३७१००७ *२०६७ ज्येष्ठ*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । *फोन :* ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, *email:* nvc@mail.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, *प्रधान कार्यालय फोन :* ४४३४ ८५०, ४४३४ ७५३; *शाखा कार्यालय फोन :* ४२५ ९०३२, ४२ ९४५०, *फ्याक्स :* (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ..............................

ठेगाना : ..............................

..............................

..............................

Downloaded from http://www.dhamma.digital